कोहलपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

6M2Q+5V7 Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८३/०८४(राजश्व उपशाखा)

च.नं.:

कोहलपुर नयाँ बसपार्कस्थित सार्वजनिक शौचालय सञ्चालन तथा सम्पूर्ण व्यवस्थापनका लागि दरखास्तपत्र आह्वान गरिएको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०४/१९)

यस कोहलपुर नगरपालिका वडा नं. ११ स्थित नयाँ बसपार्क भित्र रहेको सार्वजनिक शौचालयको सञ्चालन तथा सरसफाइ व्यवस्थापन गर्ने कार्यका लागि कोहलपुर बसपार्क व्यवस्थापन कार्यविधि, २०७९ (संशोधन सहित) अनुसार तपशिल बमोजिमको क्षेत्रमा प्रतिस्पर्धात्मक रुपमा सबैभन्दा बढी अंक कबोल गर्ने व्यक्ति/फर्म/कम्पनीलाई शिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धी यो सूचना प्रकाशन गरिएको छ।

तपशिल

सि.न	विवरण	कुल रकम (कु.अ.कर सहित)	धरौटी रकम	बोलपत्र दस्तुर
१	कोहलपुर बसपार्क भित्र रहेको शौचालयको सञ्चालन तथा व्यवस्थापन	३,६०,०००। (तीन लाख साठ्ठी हजार)	कबोल अंकको १० प्रतिशत वापत हुन आउने रकम	रु.१०००/- पछि फिर्ता नहुने गरी

शर्तहरू

१. यो सूचना प्रकाशित भएको मितिले १५औं दिन (२०८३/०५/०३) गते सम्म कार्यालय समयभित्र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र फर्म वा व्यवसायको हकमा तोकिएको निकायमा दर्ता भएको व्यवसाय दर्ता प्रमाणपत्र, अद्यावधिक नवीकरण गरेको प्रमाण, स्थायी लेखा नम्बर (PAN) दर्ता र आ.व.०८१/०८२ सम्मको करचुक्ता प्रमाणपत्र सहित पछि फिर्ता नहुने गरी रु.१०००। (एक हजार रुपैंया मात्र) दस्तुर तिरेको सक्कलै रसिद पेश गरेपछि यस कार्यालयबाट दरभाउपत्र प्राप्त गर्न सकिनेछ।

२. दरखास्तपत्रदाताले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६औं दिनको १२ बजेसम्म यस कार्यालयमा सिलबन्दी दरखास्तपत्र दर्ता गरिसक्नुपर्नेछ । यसरी दर्ता हुन आएका सिलबन्दी दरखास्तपत्रहरू दर्ता गर्ने अन्तिम दिनको २ बजे दरखास्तदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरखास्तदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरखास्त खोल्न कुनै बाधा पर्ने छैन ।

३. दरखास्तपत्र खरिद तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

कोहलपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

6M2Q+5V7 Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८३/०८४(राजश्व उपशाखा)

च.नं.:

४. बोलपत्र वापत धरौटी रकम यस कार्यालयको कृषि विकास बैंक कोहलपुर शाखामा रहेको धरौटी खाता नं. ०७०२०४०१०००२३२५२१७ मा नगदै वा वा कम्तिमा ९० दिनको समयावधि भएको मान्यता प्राप्त बैंकबाट जारी भएको बैंक जमानत सक्कल पेश गर्नुपर्ने छ ।

५. सिलबन्दी दरभाउपत्रको मान्य अवधि पैंतालीस दिनको हुनेछ।

६. दरखास्तपत्र फाराममा दररेट स्पष्ट बुझिने गरी अङ्क र अक्षरमा लेख्नुपर्नेछ । अङ्क र अक्षरको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

७. कोहलपुर नगरपालिका वडा नं ११ स्थित शौचालयको प्रयोगकर्ताबाट कोहलपुर नगरपालिकाको आर्थिक ऐन,२०८३ बमोजिम पिसाब र दिशा गरेको रु १० रुपैयाँ भन्दा बढी शुल्क असुल उपर गर्न पाइने छैन ।

८. दरखास्तपत्रमा न्यूनतम अङ्क भन्दा माथि कवोल गर्नुपर्नेछ । सबैभन्दा बढी कवोल गर्ने दरखास्तपत्रलाई स्वीकृत गरिनेछ ।

९. दरखास्तपत्रदाताले आफूले पेश गरेको कवोल अङ्क मूल्य अभिवृद्धि कर सहित वा बाहेक भन्ने स्पष्ट उल्लेख गर्नुपर्नेछ । यदि उल्लेख नगरेमा मूल्य अभिवृद्धि कर बाहेकको मानिनेछ ।

१०. रीत नपुगेको वा म्याद नाघी आएको वा शर्त सहितको दरखास्तपत्र उपर कुनै कारबाही गरिनेछैन ।

११. सिलबन्दी दरखास्तपत्र सम्बन्धी अन्य कुराहरू बुझ्नु परेमा कार्यालयसमयभित्र यस नगरपालिकाको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

१२. यस सूचनामा उल्लेखित कुराहरू बाहेक अन्य कुराहरू कोहलपुर नगरपालिकाको बसपार्क सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ (संशोधन सहित) तथा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ र कोहलपुर नगरपालिका नगरकार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

राम बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner